# बडीकेदार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या: २३

खड्यौली, डोटी

७ नं प्रदेश, नेपाल

मिति:२०७५।०६।१८

आज मिति २०७५।०६।१८गतेका दिन यस बडीकेदार गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण बहादुर चन्द ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकमा तपशिल बमोजिमको उपस्थितिमा तपशिलका प्रश्ताव उपर छलफल गरी तपशिल बमोजिमका निर्णय गरियो।

**तपशिल:**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर चन्द | अध्यक्ष | | |
| २ | ईन्द्रा बोहरा भाट | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | राम बहादुर नाम्जाली | कार्यपालिका सदस्य | | |
| ५ | लिलाधर सापकोटा | कार्यपालिका सदस्य | | |
| ६ | बिरेन्द्र कोटकेनी | कार्यपालिका सदस्य | | |
| ७ | बुद्दीसागर बिनाडी | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी नेपाली | कार्यपालिका सदस्य | | |
| ९ | टीकाराम भुल | कार्यपालिका सदस्य | | |
| १० | दिपक बहादुर नेपाली | कार्यपालिका सदस्य | | |
| ११ | भागा देवी मल्ल | कार्यपालिका सदस्य | | |
| १२ | चित्रा देवी चन्द | कार्यपालिका सदस्य | | |
| १३ | निर्मला देवी दमाई | कार्यपालिका सदस्य | | |
| १४ | दिपक पाण्डेय | सचिब | | |

**आमन्त्रित सदस्य**

| | | | | |
|---|---|---|---|---|
| १ | टोप बहादुर चन्द | आमन्त्रित सदस्य | | |

**अन्य आमन्त्रीत**

| | | | | |
|---|---|---|---|---|
| १ | दल बहादुर धामी | लेखा प्रमुख | | |
| २ | टोप बहादुर चन्द | सुचना प्रविधि अधिकृत | | |

**प्रस्तावहरु:**

१. स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारी व्यवस्थापन सम्वन्धमा।

२. समपुरक कोष बाँडफाड सम्वन्धमा।

३. बिपद् व्यव्थापन समिति पुनर्गठन सम्वन्धमा।

४. तीज प्रतियोगिताको रकम भुक्तानी सम्वन्धमा।

५. स्काभेटर भाडामा लगाउने सम्वन्धमा।

६. बडीकेदार गाउँपालिकाको स्थानीय शिक्षा नियमावली, २०७५ सम्वन्धमा।

७. रु. २० लाख भन्दा माथिका योजनाहरुको कार्यान्वयन विधि सम्वन्धमा।

८. अनुकुलन x परियोजनाको प्रस्ताव सम्वन्धमा।

९. दशै तिहारको शुभकामना सम्वन्धमा।

१०.शिक्षा समितिबाट प्राप्त सिफारिस सम्बन्धमा।

११.आर्थिक सहयोग सम्बन्धमा।

१२.विपद् व्यवस्थापन कोषको खाता सञ्चालन सम्बन्धमा।

१३. गत आ.ब. को छुट सामाजिक सुरक्षा सम्बन्धमा।

१४.विपिनगर अत्तरकाडा सडक मर्मतको कार्यसम्पन्न सम्वन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ उपर छलफल हुँदा मिति २०७५/०३/२६ गते बसेको गाउँ सभाको बैठकको निर्णयबाट स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुको ब्यवस्थापन सम्वन्धमा गाउँ कार्यापालिकालाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको हुदाँ स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारी सम्वन्धमा तपशिल बमोजिमको निर्णय गरियो:

**स्वास्थ्य चौकीमा कर्मचारी व्यवस्थापन सम्वन्धमा-**

**बर्छेन स्वास्थ्य चौकी:** - अ.न.मी. श्री श्यामपती चौधरीलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु.१५५००।— र एक महिनाको तलब बराबरको चाडपर्व खर्च समेत पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने, कार्यालय सहयोगी श्री प्रेम बहादुर कलेललाइ

मिति २०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु. १२०००।— र एक महिनाको पारिश्रमिक बराबरको चाडपर्व खर्च समेत पाउने गरी करार नविकरण गर्ने र स्विपर श्री शान्ती देबी ताडी मिति २०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु. ३०००।— मात्र पारिश्रमिक पाउने गरी करारमा राख्ने निर्णय गरियो ।

**मान्नाकापडी स्वास्थ्य चौकी:** - अ.न.मी. श्री रेवती साउदलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु. १५५००।— र एक महिनाको तलब बराबरको चाडपर्व खर्च समेत पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने, अ.हे.ब. श्री योगेन्द्र बहादुर खत्रीलाइ मिति २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि मासिक रु. १५०००।— र एक महिनाको पारिश्रमिक बराबर चाडपर्ब खर्च समेत पाउने गरी करार नविकरण गर्ने, स्विपर श्री मिना मौनीलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी गरी १ बर्षका लागि मासिक रु. ३०००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

**लानाकेदारेश्वर स्वास्थ्य चौकी** - अ.न.मी. श्री बिस्ना बमलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु. १५५००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने, ल्याब अषिसटेण्ट तेज बहादुर धामीलाइ मासिक १५०००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने, स्वीपर श्री दुर्गा दमाइलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी गरी १ बर्षका लागि मासिक रु. ३०००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

**घाघल स्वास्थ्य चौकी** - अ.न.मी. श्री पद्मा जैसीलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु. १५५००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने, कार्यालय सहयोगी श्री ऋषिराज जैसीलाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी गरी १ बर्षका लागि मासिक रु. १२०००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने, स्विपर श्री कविता कामी लाइ मिति २०७५/०४/०१ देखि लागु हुने गरी गरी १ बर्षका लागि मासिक रु. ३०००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

**सामुदायिक स्वास्थ्य ईकाइमा कर्मचारी व्यवस्थापन सम्वन्धमा-**

**सामुदायिक स्वास्थ्य ईकाइ मुलीचौर:-** अ.न.मी. श्री तुलसी धामी र अ.हे.ब. श्री प्रेम सिह कुटमाललाइ मिति२०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु.

१५५००।— र एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च समेत पाउने गरी करार नविकरण गर्ने, सुरक्षा गार्ड श्री नरेश आलेमगरलाइ मिति२०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु. ५०००।— मात्र र स्वीपर श्री रम्भा गुरुङ्गलाइमिति२०७५/०४/०१ देखि लागु हुने गरी १ बर्षका लागि मासिक रु ३०००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

**सामुदायिक स्वास्थ्य ईकाइ खड्यौली: —**अ.हे.ब. श्री जानकी क्षेत्रीलाइ मिति २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि मासिक रु. १५५००।— मात्र पारिश्रमिक पाउने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल हुँदा यस गाउँपालिकाको तेस्रो गाउँ सभाबाट समपुरक कोषमा बिनियोजित बजेट रु. ५० लाख मध्ये यस गाउँपालिकामा समपुरक कोषको लागि प्रस्ताव गरेका तपशिलका संस्थाहरुसंग साझेदारी मार्फत कार्यक्रम संचालन गर्न गा.पा. समपुरक कोष बाट तपशिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो:

ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना: ३५०२०००।-

बहुक्षेत्रीय पोषण योजना: १६९१००।-

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम: ११६६२५।-

पानी परियोजना : ३०००००।–

ग्रामिण सामुदायिक विकास केन्द्र : १५००००।–

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा बडीकेदार गाउँपालिकाको विपद् व्यवस्थापन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा गाउँ विपद् व्यवस्थापन समिति पुन: गठन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा वि.स. २०७५ सालको हरीतालिका तिज बर्ष मनाउनका लागि गैर सरकारी संस्था यू.एम.एन. र यस गाउँपालिका बिच भएको समझदारी अनुसार गाउँपालिका उपाध्यक्ष ज्यू को अगुवाइ मा भएको तिज प्रतियोगितामा भएको खर्च रु. ६०,०००।– मध्ये रु. ३०,०००।– यू.एम.एन. र रु. ३०,०००।– गाउँपालिकाको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिकाको स्काभेटर चौमासिक रुपमा भाडा लगाउन स्काभेटर तथा अन्य इक्वीपमेन्ट संचालन कार्यविधि, २०७४ बमोजिम भाडा लगाउन आवश्यक प्रक्रीया अगाढी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा बडीकेदार गाउँपालिकाको स्थानीय शिक्षा निमावली, २०७५ पारित गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ उपर छलपल गर्दा यस गाउँपालिकाको तेश्रो गाउँ सभाबाट तर्जुमा भएका रु. २० लाख भन्दा माथि का योजनाहरुको कार्यान्वयन उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो।

८. . ८ उपर छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित अनुकुलन X परियोजना संचालनका लागि परियोजनाबाट अनुरोध भई आएको हुँदा विपद् एवम जलवायु उत्थानशिल योजना तयार गर्ने सम्बन्धमा गाउँपालिकामा गठित गाउँ विपद् व्यवस्थापन समितिलाई नै जिम्मेवारी तोक्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा नजिकै आउदै गरेको २०७५ सालको वडा दशैं र तिहारको उपलक्ष्मा सम्पुर्ण गाउँपालिकाबासीलाई शुख, शान्ती र समृद्धीका लागि शुभकामना प्रदान गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दागाउँ शिक्षा समितिबाट निर्णय भई सीफारिस भएका बिषयमा तपशिलको निर्णय गरियो :

<u>तपशिल:</u>

- गत आ.ब. ०७४।०७५ को विद्यालयका शिक्षकको छुट पोषाक भत्ता चालु आ.ब. ०७५।०७६ को शिक्षा तर्फको सशर्त अनुदानको सोही शिर्षकबाट भुक्तानी गरि संघ सरकारबाट प्राप्त भए पश्चात सोध भर्ना गर्ने निर्णय गरियो।
- मेलघटी आ.वि. वडा नं ५ लाई कक्षा ७ बाट कक्षा ८ सम्म सञ्चालन गर्न अनुमती दिनका लागि बडीकेदार गाउँपालिकाको स्थानीय शिक्षा निमावली २०७५ अनुसार गर्ने निर्णय गरियो।
- खड्यौली वालविकास केन्द्रलाई २०७५।०४।०१ गतेबाट लागु हुने गरि निरन्तरता दिने। यस केन्द्रमा कार्यरत वाल शिक्षक श्री राधा देवी चन्दलाई मिति २०७५।०४।०१ बाट लागु हुने गरि १ बर्षको लागि मासिक रु. ६ हजार मात्र पारीश्रमिक उपलब्ध गराउने गरि निर्णय गरियो।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा विभिन्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोगका लागि पेश हुन निवेदन तथा प्रस्तावहरुका बारेमा आगामी कार्यपालिका बैठकबाट आवश्यक कार्यबाही गर्ने व्यवस्था मिलाउने गरी निर्णय गरियो।

१२.प्रस्ताव नं १२ उपर छलफल गर्दा यस गाउँपलिकाको तेस्रो गाउँ सभाबाट विनियोजित विपद् व्यवस्थापन कोषको रकमलाइ सेन्चुरी कमर्सियल बैङ्कमा स्थानान्तरण गरी प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट बिपद् व्यवस्थापन कोष खाता संचालन गर्ने निर्णय गरियो।

१३.प्रस्ताव नं १३ उपर छलफल गर्दा साविक देखि नै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै यस गाउँपालिका अन्तरगतका विभिन्न वडाहरुका लाभग्राहीहरुको आ.ब. ०७४/०७५ को अन्तिम किस्ता भुक्तानी गर्दा केही लाभग्राहीहरु भत्ता प्राप्त गर्न छुटेको भन्ने गुनासो आएको सन्दर्भमा यसरी छुटेका लाभग्राहीहरुको विवरण तथा आवश्यक प्रमाणहरु पेश गर्न सम्वन्धित वडाका अध्यक्षहरुलाइ निर्देशन दिने निर्णय गरियो।

१४.नं १४ उपर छलफल गर्दा बिपिनगर देखि अत्तकरकाडा सम्मको सडकको मर्मत कार्य सम्पन्न भइसकेको हुदाँ यस गाउँपालिकामा प्राविधिक कर्मचारी नभएकाले प्राविधिक कर्मचारीको व्यवस्थापन गरी निर्माण कार्यको कार्यसम्पन्न तयार गर्ने र निर्माण कार्यको सम्पूर्ण पक्षको अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्न यस गाउँपालिकाका उपाध्यक्ष ज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिलाइ जिम्मा दिने निर्णय गरियो। कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदनका आधारमा निर्माणमा संलग्न पक्षलाइ भुक्तानीको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखलाइ निर्देशन दिने निर्णय गरियो।



Web:www.badikedarmun.gov.np, e-mail: doti.badikedar@gmail.com, अध्यक्ष:९८६८७४५१०६,९७४४०८२१२०, उपाध्यक्ष:९७४९०५८८६८,प्रमुख प्रशासकीय अधिकृत:: ९८५८४२८०००